# स्थानीय राजपत्र

गढवा गाउँपालिका, दाङद्वारा प्रकाशित

खण्ड १०) गढवा गाउँपालिका, मिति: २०८३/ २ /२९/६ (संख्या२

## भाग-२

### गढवा गाउँपालिका, दाङ

गढवा गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा (४) तथा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा (७) उपदफा (२) बमोजिम गढवा गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधि, २०८३ सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधि,२०८३

कार्यपालिकाबाट स्वीकृत मिति २०८३/२/५/३
प्रमाणिकरण मिति २०८३/२/२९/६

**प्रस्तावना :**

नेपाल सरकारले सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर आर्थिक रूपमा कमजोर नागरिकहरू उपचार खर्च वहन गर्न नसक्ने कारण आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्नबाट वञ्चित हुने अवस्था पनि देखिएको छ। यस्तो समस्यालाई सम्बोधन गर्दै आर्थिक रूपमा विपन्न तथा असहाय नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउन आवश्यक ठानी **"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२)"**, **"स्वास्थ्य बीमा ऐन, २०७४ को दफा (७) उपदफा (२)"** तथा **"स्वास्थ्य बीमा नियमावली, २०७५"** ले प्रदान गरेको अधिकारको प्रयोग गरी गढवा गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको हो।

यस बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधिमा विपन्न नागरिकको पहिचान गर्ने प्रक्रिया, सिफारिस तथा दर्ता गर्ने व्यवस्था, स्वास्थ्य सेवा प्राप्त गर्ने तरिका र सम्बन्धित निकायहरूको भूमिका तथा जिम्मेवारी स्पष्ट रूपमा व्यवस्था गरिएको छ। यस कार्यविधि अनुसार स्थानीय तह, वडा कार्यालय, स्वास्थ्य संस्था, लाभग्राही तथा स्वास्थ्य बीमा बोर्डबीच आवश्यक समन्वय गरी विपन्न नागरिकहरूको पहिचान गरिनेछ र उनीहरूको स्वास्थ्य बीमाको प्रिमियम शुल्क गढवा गाउँपालिकाले व्यहोर्ने व्यवस्था गरिनेछ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यस कार्यविधिको नाम "बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधि, २०८३" रहेको छ ।

२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यक्रम" भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ अनुसार स्वास्थ्य बिमा कार्यक्रम सम्झनु पर्दछ ।

ख) "कार्यविधि" भन्नाले बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधि, २०८३ सम्झनु पर्दछ।

ग) "बिमा प्रिमियम शुल्क" भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा आवद्द हुनको लागि बिमित व्यक्तिले नियमित रुपमा तिर्नुपर्ने रकम हो ।

घ) "जिम्मेवार शाखा" भन्नाले गढवा गाउँपालिकाको स्वास्थ्य शाखालाइ सम्झनु पर्दछ ।

ङ) "गाउँपालिका" भन्नाले गढवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको प्रमुखलाइ सम्झनु पर्दछ ।

छ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उप-प्रमुखलाइ सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय प्रमुख" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

झ) "वडा समिति" भन्नाले दफा (६) अनुसार गठन भएको स्वास्थ्य बिमा समिति सम्झनुपर्दछ ।

ञ) "लाभग्राही" भन्नाले गढवा गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका दलित, अल्पसंख्यक, बिपन्न नागरिक तथा दिर्घरोगि (नेपाल सरकारको "बिपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० (पहिलो संसोधन २०८२))" अनुसार ८ प्रकारका दिर्घरोग लाई सम्झनुपर्दछ ।

ट) "प्रथम सेवा बिन्दु" भन्नाले बिमित सेवाग्राहीले स्वास्थ्य सेवा प्राप्त गर्न प्रारम्भिक रूपमा अनिवार्य रूपमा सम्पर्क गर्ने, बिमा बोर्डद्वारा सूचीकृत स्वास्थ्य संस्था जहाँबाट आवश्यक परे माथिल्लो तहमा सिफारिस गरिन्छ।

ठ) "बिपन्न नागरिक" भन्नाले वडा समितिले अनुसूची (२) बमोजिम विपन्नताको आधारमा बिपन्न भनि सिफारिस गरे बमोजिमलाई सम्झनुपर्दछ।

ड) "दलित" भन्नाले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको दलित जातीय अनुसूचीमा उल्लेखित जातीहरुलाई सम्झनुपर्दछ ।

ढ) "अल्पसंख्यक समुदाय" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा उल्लेखित भए बमोजिमको समुदायलाई जनाउनेछ ।

ण)"दिर्घरोगि" भन्नाले (नेपाल सरकारको "बिपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० (पहिलो संसोधन २०८२)" अनुसार ८ प्रकारका दिर्घरोग (मुटु रोग, मृगौला रोग, क्यान्सर, पर्किन्सन्स, अल्जाईमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, र सिकलसेल एनिमिया) लाई सम्झनुपर्दछ।

त) "बिमित" भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा आवद्द हुन इच्छुक व्यक्तिलाई सम्झनुपर्दछ ।

थ) “परिवार” भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यक्तिको एकासगोलको पति, पत्नी, बाबु, आमा वा सौतेनी आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, बुहारी, धर्मपुत्र, धर्मपुत्री, नाति वा नातिनी सम्झनु पर्छ र सो शब्दले पुरुष वा अविवाहित महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिलाको हकमा निजको सासु, ससुरा समेतलाई जनाउँछ ।

३.<u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिमको रहेको छ ।

क) आर्थिक रूपमा विपन्न तथा असहाय नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउनु।

ख) उपचार खर्चको आर्थिक भार कम गर्ने ।

ग) सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउने ।

घ) स्थानीय तहबाट विपन्न नागरिकको स्वास्थ्य बीमा प्रिमियम शुल्क व्यवस्थापन गर्न स्पष्ट आधार तयार गर्नु।

ङ) विपन्न, असहाय तथा जोखिममा रहेका नागरिकको स्वास्थ्य अधिकारको संरक्षण गर्नु।

च) स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी रूपमा कार्यान्वयन गर्नु।

## परिच्छेद २
## <u>स्वास्थ्य बिमा लाभग्राही छनौट प्रक्रिया, समिति र व्यवस्था</u>

४.<u> बिपन्न नागरिक</u> <u>स्वास्थ्य बिमामा आवद्द हुन आवश्यक आधार </u> बिपन्न नागरिक स्वास्थ्य बिमा सहयोग प्राप्त गर्न देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ :

क) नेपाली नागरिक हुनु पर्नेछ ।

ख) गढवा गाउँपालिका भित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

ग) अति विपन्न, विपन्न दलित, अल्पसंख्यक समुदाय वा दिर्घरोगि व्यक्ति हुनु पर्नेछ ।

घ) लाभग्राही सोहि आ.व मा स्वास्थ्य बिमा कार्यक्रममा आवद्द भएको वा नवीकरण गरेको हुनुपर्नेछ ।

ङ)दलित भन्नाले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको दलित जातीय अनुसूचीमा उल्लेखित जातीहरुलाई मात्र जनाउनेछ ।

च)अल्पसंख्यक समुदाय भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा उल्लेखित भए बमोजिमको समुदायलाई जनाउनेछ ।

छ) बिपन्न नागरिक भन्नाले अनुसूची (२) बमोजिम स्थायी वडा बासीलाई विपन्नताको आधारमा वडा समितिले बिपन्न नागरिक भनि सिफारिस गरे बमोजिमलाई मानिनेछ ।

ज) दिर्घरोगि भन्नाले (नेपाल सरकारको "बिपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० (पहिलो संसोधन २०८२)" अनुसार ८ प्रकारका दिर्घरोग (मुटु रोग, मृगौला रोग, क्यान्सर, पर्किन्सन्स, अल्जाईमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, र सिकलसेल एनिमिया) लाई सम्झनुपर्दछ।

५.<u>स्वास्थ्य बिमामा आवद्द हुने प्रक्रिया</u>

स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्नानुसारका प्रक्रियाहरु पूरा गर्नु पर्नेछ :

क) आवेदन दिनको लागि सूचना प्रसारणः बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम र आवद्द हुन आवश्यक पर्ने कागजपत्र विषय सहितको सूचना सम्बन्धित पक्षबाट आवेदन माग गर्न गढवा गाउँकार्यपालिकाको कार्यालयबाट आवेदन संकलन सुरु हुने मिति भन्दा कम्तिमा १५ दिन अगावै सरकारी संचार माध्यम वा कार्यालय वा वडा कार्यालयको सूचना पाटी मार्फत प्रसारण तथा प्रकाशन गर्नु पर्नेछ ।

ख) बिमितले सम्बन्धित वडा कार्यालय वा वडास्तरीय जनप्रतिनिधि मार्फत बीमा सम्बन्धी विस्तृत सूचना लिन सक्नेछ ।

ग) दफा (४) बमोजिम योग्यता पुगेको इच्छुक व्यक्तिले बीमाको लागि अनुसूची (१) बमोजिमको आवेदन रितपूर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्नेछ ।

घ) अनुसूची (१) बमोजिमको आवेदन फाराम वडा कार्यालयबाट निशुल्क उपलब्ध हुनेछ ।

ङ) आवेदनका साथ दफा (४) लाई पुष्ट्याई हुने अनुसूची (१) को खण्ड (क) बमोजिमका कागजातहरू र आवेदकको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्दछ ।

च) आवेदन फाराम र आवश्यक कागजात बुझाईसकेपछी अनुसूची (३) बमोजिम गाउँपालिका र लाभग्राहीबीच सम्झौता गर्नुपर्नेछ।

छ) सबै प्रक्रिया पुरा गरिसकेपश्चात सेवाग्राहीले पाउनुपर्ने प्रिमियम शुल्क (प्रति परिवार बढीमा ५ जना) सेवाग्राहीको बैंक खातामा सोझै भुक्तानी हुनेछ ।

ज) बिमितको प्रिमियम शुल्क "स्वास्थ्य बिमा ऐन २०७४" बमोजिम हुनेछ र बिमा गरे वापत प्राप्त गरिने सेवा सुबिधा नेपाल सरकारबाट जारी स्वास्थ्य बिमा ऐन, नियम, निर्देशिका र कार्यविधि

अनुसार हुनेछ ।

झ) बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत हरेक वर्ष लाभग्राहीहरुको बिमामा आवद्ध तथा नवीकरण गरे वापतको रकम भुक्तानी गरिनेछ।

६. वडास्तरीय स्वास्थ्य बिमा लाभग्राही सिफारिस समितिको गठन : बिपन्न नागरिकको छनौट तथा सिफारिसको लागि तपसिल बमोजिमको एक वडा स्तरको स्वास्थ्य बिमा लाभग्राही समिति गठन हुनेछ।

| | |
|---|---|
| क) वडा अध्यक्ष | -संयोजक |
| ख) महिला कार्यपालिका सदस्य | -सदस्य |
| ग) वडा सदस्य (३ जना) | -सदस्य |
| घ) वडा सचिव | -सदस्य सचिव |

७. वडास्तरीय स्वास्थ्य बिमा लाभग्राही सिफारिस समितिको काम, कर्तब्य र अधिकार दफा (६) बमोजिम गठन भएको समितिको काम कर्तब्य र अधिकार देहाय अनुसारको हुनेछः

क) वडा भित्र संकलन भएका बीमा आवेदनहरु रितपूर्वक भए नभएको जाँच गर्ने,

ख) दफा (४) बमोजिमका आधार नपुगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने,

ग) योग्यता पुगेका आवेदनहरुलाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर विपन्न, दलित ,दिर्घरोगि र अल्पसंख्यक समुदायको छुट्टाछुट्टै अभिलेख राखे,

घ) आवेदन मिति सकिनुभन्दा अगावै बिमितहरुको सबै कागजात र वडा समितिको सिफारिस सहित गाउँपालिका स्तरीय समितिमा पेश गर्ने ।

ङ) बर्गिकरण तथा सिफारिसको नतिजा उपयुक्त समयमा बाहेक गोप्य राखे ।

८. गाउँपालिका स्तरीय स्वास्थ्य बिमा लाभग्राही सिफारिस समितिको गठन : गाउँपालिका स्तरीय स्वास्थ्य बिमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठन देहाय अनुसारको हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |

ङ) आर्थिक प्रशासन शाखा -सदस्य

च) समितिले मनोनित गरेको कार्यपालिका सदस्य मध्ये एक जना महिला -सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

बिमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनका लागि समितिले थप सहयोगको आवश्यकताको महशुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

९.<u>गाउँपालिका स्तरीय स्वास्थ्य बिमा लाभग्राही सिफारिस समितिको काम, कर्तब्य र अधिकार</u>

गाउँपालिकास्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछ :

क) वडाबाट बर्गिकरण गरी सिफारिस सहित आएका आवेदनहरुको पुनः परीक्षण गर्ने ।

ख) तोकिएको कागजात, प्रकृया पूर्ण नभएका तथा लक्षित वर्गभित्र नपरेको आवेदलाई सुचिबाट हटाउने।

ग) स्वास्थ्य बीमाको माग अधिक भई बिनियोजित बजेटवाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिति पैदा भएको महशुस गरेमा समितिले बिपन्नताको आधार हेरेर अन्तिम सूची तयार गर्न सक्नेछ।

घ) सम्पूर्ण प्रक्रिया र तोकिएका कागजात प्राप्त भएपछी अन्तिम सुची अनुसार समितिको सिफारिस सहित लाभग्राहिको बैंक खातामा बिमा प्रिमियम रकम सोझै भुक्तानी गर्ने।

१०. <u>स्वास्थ्य बिमा आवद्धताको लागत कट्टी हुने व्यवस्था</u>

क) स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको परिवार गढवा गाउँपालिकावाट अन्यत्र बसाई सरी गएमा ।

ख) कुनै व्यक्तिले आफ्नो भएको विवरण ढाँटी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको प्रमाणित भएमा ।

ग) दिर्घ रोगिको हकमा लक्षित समुहमा रहेको विरामीको मृत्यु भएमा ।

घ)यो कार्यविधि लागू गर्नु अगाबै दफा (४) बमोजिम योग्यता पुगेका कुनै व्यक्ति वा परिवारले स्वास्थ्य बीमा गरिसकेको रहेछ भने निजको हकमा बीमा रकम सोधभर्ना गर्न वा पुनः दोहोरो बीमा हुने छैन ।

११.<u>बजेट व्यवस्थापन:</u> गाउँ सभाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधि भित्र रही कार्यक्रमको आर्थिक प्रस्ताव स्वीकृत गरी प्रचलित ऐन, नियम अनुसार खर्च गरिनेछ ।

## परिच्छेद ३
## विविध

१२.**अभिलेख राख्नु पर्नेः** यस कार्यक्रममा सहभागी हुने सेवाग्राहीहरुको अभिलेख सम्वन्धित सम्बन्धित स्वास्थ्य शाखाले राख्नु पर्नेछ ।

१३.**प्रतिवेदन पेश गर्नु पर्नेः** (१) स्वास्थ्य शाखाले भए गरेको काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१४.**खर्च र लेखापरीक्षणः** (१)कार्यक्रम सञ्चालनको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कार्यक्रमको आय व्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१५.**व्याख्या, संशोधन र खारेजीः** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।

१६.**प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १
कार्यविधिको दफा (५) संग सम्बन्धित
**बिपन्न नागरिक स्वास्थ्य बिमा लाभग्राही आवेदन फारम**
**खण्ड (क)**

| |
|---|
| निवेदकको फोटो |

श्रीमान् वडा अध्यक्ष ज्यु,
वडा नंः
गढवा गाउँपालिका, दाङ

**बिषयः स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन पाउ भन्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा गढवा गाउँपालिकाले कार्यान्वयन गरेको "बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यविधि, २०८२" अनुसार बिमा लाभग्राही हुनका लागि योग्य ठानी यो निवेदन पेश गरेको छु ।आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन्, विवरण सहि सत्य छन् झुटा ठहरे कानुन बमोजम सहुँला बुझाउँला ।

आवेदक
नाम थरः
उमेरः
स्थायी ठेगानाः
टोलः
वडा नंः
स्वास्थ्य बिमामा आवद्धता माग गरेको किसिमः नयाँ/नवीकरण
नविकरणको हकमा : मूल परिवारको बिमा दर्ता नंः

बिमित सदस्यहरुको नामावली (बढीमा ५ जना)

| क्र.स | बिमितहरुको नाम थर | उमेर | आवेदकसंगको नाता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

संलग्न कागजात
१.आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी
२.स्थायी ठेगाना खुल्ने कागजात (नागरिकता स्थायी ठेगाना हालको भन्दा अन्यत्र भएमा)
३.बिमित परिवारका सदस्यहरुको नागरिकता/जन्मदर्ता प्रमाणपत्रको फोटोकपी
४.दलित तथा अल्पसंख्यकको प्रमाण खुल्ने कागजात
५. बिपन्न, दिर्घरोगि (नेपाल सरकारको "बिपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन

निर्देशिका, २०८० (पहिलो संसोधन २०८२)" अनुसार ८ प्रकारका दिर्घको विवरण पुष्टि गर्ने कागजातहरु
६.लाभग्राही सोहि आ.व मा स्वास्थ्य बिमा कार्यक्रममा आवद्द भएको वा नवीकरण गरेको प्रमाण खुल्ने कागजात
७.सेवाग्राहीको बैंक खाता भएको बैंकको चेकको फोटोकपी

## खण्ड ख
## आर्थिक विपन्नता/सम्पन्नता सम्बन्धि विवरण

क.पारिवारिक विवरण          घरमुलीको नामः                    महिला ....    पुरुष....

| क.स | परिवारका सदस्यहरुको नाम थर | उमेर | शैशिक योग्यता | पेशा/व्यवसाय | | | दिर्घ रोग | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सरकारी | निजि | बैदेशिक रोजगार | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |

ख) सम्पत्ति विवरण
१.घरको संख्या ☐ छैन ☐ , छ भने पक्कि ☐ अर्धपक्कि ☐ कच्ची ☐

घरको तलाको संख्या ☐          कोठा संख्या ☐

घर भएको टोलको नाम................ घर नजिकको सडकको नाम................

२.जग्गा/खेतः
खेत रोपनी ☐ पाखो रोपनी ☐

खेत, पाखो रहेको स्थान/सडकको नामः...............

ग) खाद्यान्न लगायतका अन्य उत्पादनहरुः अन्नबाली वार्षिक उत्पादन मुरीमा उल्लेख गर्ने
१.धान ☐ २.मकै ☐ ३.गहुँ ☐ ४.कोदो ☐ ५.तोरी ☐

६.अन्य भए उल्लेख गर्ने .........

**घ) अन्य सामाजिक विवरण**

**१. शिक्षा (बालबालिका):** निजी विद्यालयमा पठनपाठन ☐
सरकारी बिद्यालयमा पठनपाठन ☐
गरिबीका कारण बिचैमा पढाई छुटाउनु परेको ☐

**२. खानेपानीः**
घरमै व्यवस्थित रुपमा आपूर्ति भैरहेको ☐
सार्वजनिक धारा वा सामुदायिक धाराबाट आंशिक व्यबस्थान ☐
खानेपानीको समस्या ☐

**३.शौचालयः**
निजी व्यवस्थित शौचालय भएको ☐
सामान्य व्यवस्थापनमा चलेको ☐
शौचालय नभएको वा अर्काको शौचालय जानु परेको ☐

**४. स्वास्थ्य उपचारः**
प्रायः निजी क्लिनिक वा अस्पतालमा जान सक्ने ☐
प्रायः सरकारी स्वास्थ्य केन्द्रमा जाने ☐
गरिवीका कारण उपचार गर्न कठिन भएको ☐

**५. बसोबास क्षेत्रः**
शहरी क्षेत्रमा ☐
आंशिक शहर वा गाउँमा ☐
पिछडिएको गाउँमा ☐

**ङ)अन्य आय बिवरणः (परिवारको वार्षिक आय उल्लेख गर्ने)**
१. तरकारी (सरदर नगदमा) आय रु.............
२. फलफुल (सरदर नगदमा) आय रु...........
३. पशुपालन (सरदर नगदमा) आय रु............
४. कुखुरापालन (सरदर नगदमा)आय रु............
५. ब्यापार/व्यवसाय/रोजगारीबाट आय रु...........
६. बैदेशिक रोजगारीबाट सरदर आय रु............
७. अन्य स्रोतबाट आय रु.............
८. माथिका सबैबाट जम्मा रु..........

अनुसूची -२
कार्यविधिको दफा (५) सङ्ग सम्बन्धित

बिपन्नताको आधारहरु

| सूचक | अंक १ | अंक २ | अंक ३ | नतिजा |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर | अर्धपक्की जस्ताको) छाना र इट्टाको गारो भएको) | कच्ची घर वा घर नभएर डेरामा बसेको | |
| जग्गा | खेतबारी दुवै भएको | पाखोबारी मात्र भएको | केहि नभएको | |
| रोजगारी | मासिक तलब पाउने भएको स्वदेशी वा बैदेशिक रोजगारी वा स्वरोजगारी | ज्यालादारी काम गर्ने वा रोजगारीको सुनिश्चितता नभएको | बेरोजगार वा आशिक गुजारा चलेको ज्यालादारी वा मुस्किलले | |
| शिक्षा (बालबालिका) | निजी विद्यालयमा पठनपाठन | सरकारी बिद्यालयमा पठनपाठन | गरिबीका कारण बिचैमा पढाई छुटाउनु परेको | |
| खानेपानी | घरमै व्यवस्थित रुपमा आपूर्ति भैरहेको | सार्वजनिक धारा वा सामुदायिक धाराबाट आंशिक व्यबस्थान | खानेपानीको समस्या | |
| स्वास्थ्य उपचार | प्रायः निजी क्लिनिक वा अस्पतालमा जान सक्ने | प्रायः सरकारी स्वास्थ्य केन्द्रमा जाने | गरिवीका कारण उपचार गर्न कठिन भएको | |
| शौचालय | निजी व्यवस्थित शौचालय भएको | सामान्य व्यवस्थापनमा चलेको | शौचालय नभएको वा अर्काको शौचालय जानु परेको | |
| परिवार संख्या | ५ जना सम्म | ६ देखि ९ सम्म | १० भन्दा बढी | |
| बसोबास क्षेत्र | शहरी क्षेत्रमा | आंशिक शहर वा गाउँमा | पिछडिएको गाउँमा | |
| वार्षिक आय | रु ३ लाख वा सो भन्दा धेरै | रु १ देखि ३ लाख सम्म | रु १ लाख भन्दा कम | |
| कुल प्राप्तांक | | | | |

**नोटः बिपन्न समुहका लागि कुल प्राप्तांक २४ वा सो भन्दा धेरै आएको हुनुपर्ने ।**

अनुसूची ३

## गढवा गाउँपालिका र बिमा लाभग्राहीबिचको सम्झौता पत्र

गढवा गाउँपालिका (यस पछी भनिने पहिलो पक्ष) र गढवा गाउँपालिका वडा नं .... गाउँ/टोल ........... बस्ने श्री................................को वर्ष..... को छोरा/छोरी श्री ........................ (यस पछी भनिने दोस्रो पक्ष) बीच देहायका अधिनमा रही सम्झौता गर्न मञ्जुर भएकाले सहि छाप गरि यो कागज गरि लियौं दियौं ।

१) स्वास्थ्य वीमा कार्यक्रम भन्नाले नेपाल सरकारले संचालनमा ल्याएको बीमा कार्यक्रम मात्र बुझ्नु पर्नेछ ।

२) दोश्रो पक्षले अन्य निजी बीमा कम्पनिसंग स्वास्थ्य बीमाका लागि गरेको सम्झौताको बीमा रकम भुक्तानीका लागि पहेंलो पक्ष बाध्य हुने छैन ।

३) कार्यविधिको दफा ९ (घ) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता गरिनेछ ।

४)अनुसूची-१ मा उल्लेखित सदस्यहरुको हकमा मात्र यो सम्झौता उत्तरदायी रहनेछ ।

५)सम्झौता स्वीकृत भए पछि पहेंलो पक्षले दोश्रो पक्षको नाममा स्वास्थ्य बीमाको एक अवधीको लागि मात्र बीमा रकम (नेपाल सरकारले तोकेको स्वास्थ्य बिमा प्रिमियम रकम) भुक्तान गर्नेछ भने नवीकरणको लागि अर्को अवधिको बिमा रकम भुक्तानको लागि पुनः निवेदन दिनुपर्नेछ।

६)शर्त नं. ५ मा उल्लिखित बीमा रकम कुनै छुटको व्यवस्ता भए सो रकमको दावी दोश्रो पक्षले गर्न पाउने छैन ।

७) दोश्रो पक्षले यो सम्झौताको अबधी समाप्त भए पश्चात पहिलो पक्षबाट सहयोग प्राप्त भए पनि वा नभए पनि बीमालाई निरन्तरता दिई रहनु पर्नेछ ।

८) पहिलो पक्ष वा पहिलो पक्ष मार्फत आउने व्यक्ति वा संस्थाले दोश्रो पक्षले उपभोग गरिरहेको बीमाको बारेमा सोधपुछ वा प्रतिक्रिया लिन आउँदा दोश्रो पक्षले त्यस्तो कार्यमा अनिवार्य रुपमा सहयोग पुर्याउनु पर्नेछ ।

९) नेपाल सरकारद्वारा संचालित स्वास्थ्य बीमाको महत्वको बारेमा दोश्रो पक्षले आफ्ना आफन्त र छिमेकीलाई पनि जानकारी दिनुपर्नेछ ।

१०)आवश्यकता अनुसार सम्झौताका शर्तहरु आपसी सहमतिमा थपघट हुन सक्नेछन् ।

आज्ञाले
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकिय अधिकृत
मितिः २०८३/२/२९/६